"वित्तीय सफलताको लागि साथी"
विन नेपाल लघुवित्त वित्तीय संस्था लि.
Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था, प्रादेशिक स्तर (बागमती प्रदेश)

केन्द्रीय कार्यालय बनेपा–१३, काभ्रेपलाञ्चोक
फोन नं. ०११–६६५६२६
वेबसाईटः www.weannepal.com

# दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८ गते)

यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०८/२७ गते बिहिबारका दिन बसेको ४१ औं बैठकको निर्णयानुसार संस्थाको दशौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न उल्लिखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मितिः २०८१/०९/१९ गते शुक्रबार, तदनुसार ०३ जनवरी २०२५।

समयः विहान ११ः ३० बजे।

स्थानः होटल मेलम्ची क्याफे इन, मेलम्ची- ११, मेलम्ची, सिन्धुपाल्चोक।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।

२. आर्थिक बर्ष २०८०/०८१ को बार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा विवरणहरु, निर्देशन अनुसारका अन्य अनुसूचीहरु छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा। (हाल बहालवाला लेखापरीक्षक श्री के.जे.एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ।)

**ख) विशेष प्रस्ताव**

१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति/समाहित हुने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्याँकन गर्न परामर्शदाता, मुल्याँकनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) सँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१. दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेजी मिति २०८१ पौष ५ गते बन्द रहनेछ। शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अर्थात् मिति २०८१/०९/०४ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन।

२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही खाताको प्रमाण तथा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा रीतपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेपलाञ्चोक दर्ता गराउनुपर्नेछ। यसरी नियुक्ति गरिएको प्रतिनिधि यस कम्पनीको शेयरधनी हुनुपर्नेछ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन।

५. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका सभा स्थलमा बिहान १०:३० बजे देखि खुल्ला रहनेछ।

६. शेयरधनी महानुभावहरुको जनकारीको लागि वित्तीय संस्थाको संक्षिप्त बार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेबसाइट www.weannepal.com साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा समेत प्रकाशित गरिनेछ कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, साँगा, काभ्रेपलाञ्चोक र एनएमबि क्यापिटल लिमिटेड, वालुवाटार, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

८. छलफलका विषय सूचीमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।

९. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।

१०. अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।